ऐसेलुखर्क गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**ऐसेलुखर्क, खोटाङ**

☎ ०३६-४११११०३
☎ ०३६-४११११०४
**E-mail :**aiselukharka2073@gmail.co
**Website:**www.aiselukharkamun.gov

१ नं. प्रदेश, नेपाल

प.सं:-०७८/०७९
च.नं.:-

मिति-२०७८/०५/२४

# सूचना ! सूचना !! सूचना !!!

<u>ऐसेलुखर्क गाउँपालिकाको अत्यन्त जरुरी सूचना</u>

प्रस्तुत विषयमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) लाई मध्यनजर गर्दै कोरोना भाईरस (कोभिड-१९) बाट **"आफु बचौं र अरुलाई पनि बचाऔं"** भन्ने मुल उद्देश्यका साथ लामो समयदेखि गाउँपालिका क्षेत्र भित्रका अत्यावश्यक बाहेकका सम्पूर्ण सरकारी तथा गैह्र सरकारी संघ संस्था, कार्यालय, विद्यालय, होटल, व्यापार व्यवसाय, बैंक तथा वित्तिय संस्था, सवारी साधन, साप्ताहिक रुपमा लाग्ने शनिबारे हटियालगायत जमघट तथा भेला हुने सम्पूर्ण कार्य बन्द गरिएको सर्वविदितै छ । यस विषम परिस्थितिमा कोरोना भाईरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रणमा साथ सहयोग गर्नुहुने सम्पूर्ण सरकारी तथा गैह्र सरकारी संघ संस्था, कार्यालय, विद्यालय, होटल, व्यापार व्यवसाय, बैंक तथा वित्तिय संस्था, सवारी साधन, सुरक्षा निकाय, आम सर्वसाधारणलगायत सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

आगामि दिनहरुमा कोरोना भाईरस (कोभिड-१९) महामारीको रुपमा फैलिने र जोखिमको सम्भावना बढेमा पुनः बन्द गरिने जानकारी गराउदैं स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड (अनिवार्य रुपमा माक्सको प्रयोग गर्ने, भीडभाड नगर्ने तथा सामाजिक दुरी कायम गर्ने) को पूर्ण पालना गरी मिति २०७८/०५/२६ गतेदेखि सरकारी तथा गैह्र सरकारी संघ संस्था, कार्यालय, विद्यालय, होटल, व्यापार व्यवसाय, बैंक तथा वित्तिय संस्था, सवारी साधन, साप्ताहिक रुपमा लाग्ने शनिबारे हटियालगायत सम्पूर्ण कार्य मिति २०७८/०५/२३ गतेको ऐसेलुखर्क गाउँ कार्यपालिकाको निर्णय अनुसार खुला गरिएको व्यहोरा सरोकारवाला सबैमा जानकारी गराईन्छ ।

(हिरा कुमारी यादव)
प्रमुख प्रशासकीय अधिकृत

" स्वच्छ र सक्षम निजामती प्रशासनः समृद्धि र सुशासन"